Nepal Samacharpatra, Wednesday, May 22, 2002

**नेपाल समाचारपत्र** २०५९ जेठ ८ गते बुधवार

# भक्तपुरमा मूर्तिकला प्रदर्शनी

भक्तपुर, (नेस) । सांस्कृतिक नगरी भक्तपुरमा मङ्गलबारदेखि चार मूर्तिकारहरूको मूर्तिकलाको प्रदर्शनी शुरू भएको छ । भक्तपुर नगरपालिका-३ दतात्रय स्क्वायर तचँपाटोलमा रहेको भक्तपुरकै 'नमुना घर' मा नेपालका लागि महामहिम जर्मनी राजदूत उल्फ रेडिगर लिम्प र कलाकार लैनसिं बाङ्देलले संयुक्तरूपमा सो प्रदर्शनीको उद्घाटन मङ्गलबार गर्नुभयो ।



तस्बिर : सुना वजपाली

कलाकारहरू सुर्जा बज्राचार्य, राधेश्याम शिल्पकार, इन्द्रकाजी शिल्पकार र रवीन्द्र पुरीले बनाउनुभएका ३० वटा मूर्तिहरू सो प्रदर्शनीमा राखिएको छ । 'आस्थाहरूको मिलन' शीर्षकमा प्रदर्शित मूर्तिहरूमा हिन्दू देवदेवीलगायत बुद्धका मूर्तिहरू राखिएका छन् ।

धार्मिक सहिष्णुतालाई केन्द्रबिन्दु बनाएर सो प्रदर्शनीलाई 'नेपाली मूर्तिहरूमा हिन्दू धर्म र बुद्ध धर्मको सङ्गम' भन्ने नारा दिइएको छ । 'हामीमध्ये तीन जना हिन्दू र एक जना बुद्धिष्ट छौं', कलाकार रवीन्द्र पुरी भन्छन्- 'हामी सबैजना दुवै धर्मका मूर्तिहरू बराबरजस्तो बनाउँछौं ।' काठ, ढुङ्गा र धातुहरूले बनाइएका गणेश, पार्वती, विष्णु, बुद्ध, कुमार, भिक्षु, मञ्जुश्री आदि मूर्तिहरूको सो प्रदर्शनी १३ दिनसम्म रहनेछ ।



नेपालमा प्रदर्शन गरी ती मूर्तिहरू जर्मनीका विभिन्न सात शहरहरूमा प्रदर्शन गरिने जानकारी आयोजकहरूले *नेपाल समाचारपत्र*लाई गराए । चारै जनाको सहभागिता रहने सो प्रदर्शनी आगामी जेठ ३१ बाट साउन २४ गतेसम्म हुने कुरा कलाकारहरूले बताए । त्यहाँ बिक्री गरिएका मूर्तिहरूबाट प्राप्त हुने रकमको पाँच भागको एक भाग रूपियाँ काभ्रेको मथुरापाटी माध्यमिक विद्यालयलाई दिइनेछ । यी चार जना मूर्तिकारहरूको यो दोस्रो संयुक्त प्रदर्शनी हो ।